म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१४ अङ्क:- १९० २०८० जेठ २१ गते आईतबार 4 June 2023, Sunday - पृष्ठ ४ मूल्य रू. ५/-

## निर्मल बहुमुखी क्याम्पसमा भेटवाल

हेटौंडाः हेटौंडा-१९, बस्तिपुरस्थित निर्मल बहुमुखी क्याम्पसको सञ्चालक समिति अध्यक्षमा राजकुमार भेटवाल निर्वाचित हुनुभएको छ। शनिबार भएको तेस्रो क्याम्पस सभाबाट सदस्यमा सानुमाया सुनार, शान्ति प्रजा, बिष्णुलाल स्याङ्तान, राजु नेपाली, अमृत पाठक, रामप्रसाद कालाखेती, रत्न बहादुर ब्लोन लामा, बिक्रम बहादुर पण्डित, मदन कुमार लामा चयन हुनुभएको छ। निवर्तमान अध्यक्ष विष्णुहरि पण्डितको अध्यक्षता तथा प्रतिनिधि सभा सदस्य महेशकुमार बर्तौलाको प्रमुख आतिथ्यमा क्याम्पस सभाको उद्घाटन कार्यक्रम भएको थियो।

# राष्ट्रिय भलिबलको उपाधि एपीएफलाई



उपाधिसाथ एपीएफको भलिबल टिम ।

समाज संवाददाता

हेटौंडाः स्वर्गीय केशवलाल श्रेष्ठ स्मृति केन्द्रीय प्रतिष्ठान र मकवानपुर जिल्ला भलिबल संघको संयुक्त आयोजनामा हेटौंडामा भएको खुला पुरुष भलिबल प्रतियोगिताको उपाधि सशस्त्र प्रहरीको एपीएफ क्लबले जितेको छ । शनिबार बिहान हेटौंडा-४, हुप्रचौरस्थित भलिबल कोर्टमा भएको फाइनल खेलमा विभागीय टोली त्रिभुवन आर्मीलाई हराउँदै एपीएफले उपाधी जितेको हो ।

एपीएफले आर्मीलाई क्रमशः २५-२०, १७-२५, २५-१७ र २९-२७ सेटले हराएको हो । जीतसँगै एपीएफले उपाधीसहित २ लाख रुपैयाँ प्राप्त गरेको छ भने उपविजेता आर्मीले १ लाख रुपैयाँमा चित्त बुझाएको छ। प्रतियोगिताको सर्बोत्कृष्ट खेलाडी एपीएफका विजयी थापा घोषित भए । थापाले नगद १५ हजार रुपैयाँ प्राप्त गरे । प्रतियोगिताको उत्कृष्ट सेटर एपीएफका सुबास कुँवर, उत्कृष्ट स्पाइकर आर्मीका शरण सामरी, उत्कृष्ट डिफेन्डर आर्मीका इश्वर थापा, उत्कृष्ट ब्लकर आर्मीका सञ्जय चौधरी र उत्कृष्ट प्रशिक्षक एपीएफका पुष्पजंग मल्ल घोषित भए। विधागत उत्कृष्टले नगद ५-५ हजार रुपैयाँ प्राप्त गरेका छन् ।

शुक्रबार भएको सेमीफाइनल खेलमा गण्डकी प्रदेशलाई पराजित गर्दै एपीएफ फाइनल प्रवेश गरेको थियो भने आर्मीले नेपाल पुलिसलाई पराजित गर्दै फाइनल प्रवेश गरेको थियो । सेमीफाइनलमा एपीएफले उत्कृष्ट पुनरागमन गर्दै फाइनलको यात्रा तय गरेको थियो । पहिलो र दोस्रो सेट गुमाएको एपीएफले तेस्रो, चौथो र पाँचौं सेट जित्दै फाइनल यात्रा तय गरेको थियो। सान्त्वना पुलिस र गण्डकीले ५०-५० हजार रुपैयाँ प्राप्त गरेको छ ।

केशवलाल श्रेष्ठ स्मृति केन्द्रीय प्रतिष्ठानका अध्यक्ष प्रताप विष्टको सभाध्यक्षता तथा हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मिना कुमारी लामाको प्रमुख आतिथ्यमा भएको पुरस्कार वितरण कार्यक्रममा नेकपा एमालेका केन्द्रीय सदस्य रामेश्वर राना, बागमती गाउँपालिकाका अध्यक्ष सर्केश घलान, हेटौंडा-३ का वडा अध्यक्ष ढलक बहादुर थापा, ४ का वडाध्यक्ष नवीन सिग्देल, ५ का वडा अध्यक्ष सुशील घिमिरे र जिल्ला खेलकुद विकास समिति मकवानपुरका अध्यक्ष वेष खड्गी लगायतको उपस्थिति रहेको थियो। प्रतियोगितामा ७ वटा टिमको सहभागिता रहेको थियो ।

# साइकल अभियन्तालाई सम्मान



सम्मानित साइकल अभियन्ताहरु ।

समाज संवाददाता

हेटौंडाः विश्व वातावरण दिवसको अवसरमा साताव्यापी कार्यक्रमअन्तर्गत शनिबार मकवानपुरका साइकल अभियन्तालाई सम्मान गरिएको छ। टोल विकास संस्था नगर समन्वय समितिले शनिबार बिहान मकवानपुर जिल्ला साइक्लिङ संघका संस्थापक अध्यक्ष नरेशलाल श्रेष्ठलाई मरणोपरान्त सम्मान गरेको छ। यस्तै संस्थापक उपाध्यक्ष सैलेश मानन्धर, वर्तमान अध्यक्ष संगीत श्रेष्ठ, हेटौंडा राइडर्स क्लबका संस्थापक अध्यक्ष दिपेन्द्र चन्द ठकुरीलाई पनि सम्मान गरिएको छ।

मकवानपुर जिल्लामा साइक्लिङमार्फत स्वास्थ्य, वातावरण, पर्यटन र साइक्लिङ खेलको विकासमा योगदान पुऱ्याएको भन्दै अभियन्ताहरुलाई सम्मान गरिएको हो । अभियन्तालाई सम्मानअघि शनिबार बिहान वातावरणीय सचेतनामूलक साईकल ऱ्यालीको आयोजना गरिएको थियो । हेटौंडा उपमहानगर पालिकाको कार्यालय परिसरबाट सुरु भएको साइकल ऱ्याली कान्तिराजपथ, नागस्वती, कमाने, हुप्रचौर हुँदै पुनः हेटौंडा उपमहानगर पालिकाको कार्यालय परिसरमै पुगेर समापन भएको थियो । ऱ्यालीमा ६५ जना साइकलयात्रीको सहभागिता रहेको थियो ।

टोल विकास संस्था नगर समन्वय समिति हेटौडाका अध्यक्ष ध्रुव अधिकारीको अध्यक्षता तथा हेटौँडा उपमहानगरपालिकाको वातावरण समिति प्रमुख एवम् वडा नम्बर १० का वडा अध्यक्ष फुर्वा दोर्जे लामाको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो । कार्यक्रममा १४ नम्बर वडा अध्यक्ष दीपक खड्काको पनि उपस्थिति रहेको थियो ।

# हेटौँडाका विद्यालयमा एक साता विदा

समाज संवाददाता

हेटौँडाः हेटौँडा उपमहानगर क्षेत्रका विद्यालयमा एक साता विदा दिइएको छ। शनिबार साँझ शिक्षा विकास महाशाखाका प्रमुख गंगाधर रिमालले एक विज्ञप्ति जारी गर्दै जेठ २१ गतेदेखि २६ गतेसम्म विद्यालय विदा गर्ने जानकारी गराइएको छ । तापक्रम अत्यधिक वृद्धि भई दैनिक जनजीवनमा प्रत्यक्ष असर परिरहेको र विद्यालयको शिक्षण क्रियाकलापमा अझै बढी असर परिरहेको उल्लेख गर्दै विद्यालयमा विदा गर्ने निर्णय गरिएको उपमहानगरद्वारा जारी गरिएको सूचनामा उल्लेख छ ।

यसअघि उपमहानगरले विद्यालय विदा गर्ने, नगर्ने जिम्मा वडालाई दिएको थियो । उपमहानगरभित्र वडाले फरक फरक निर्णय गरिरहेको र नगरका केही वडाले ध्यान नदिएको भन्दै चर्को आलोचना भएपछि उपमहानगरले नै विदासम्बन्धी निर्णय गरेको हो । अहिले दिइएको विदा वर्षे विदामा कट्टा गरिने बताइएको छ । अनुकुल मौसम भयो भने बीचमा विद्यालय सुचारु गर्ने निर्णय हुने पनि सूचित गरिएको छ । शनिबार दिउँसो वडा नम्बर ४ र ५ ले आइतबारदेखि मंगलबारसम्म विदा दिने निर्णय गरेको थियो भने १५ नम्बर वडाले आइतबार र सोमबार मात्रै विदा दिने निर्णय गरेको थियो । यसअघि मकवानपुरको बकैया गाउँपालिकाले शुक्रबार एक सूचना जारी गर्दै जेठ २१ गतेदेखि २७ गतेसम्म विद्यालय विदा गर्ने जनाएको थियो ।




हार्दिक बधाई



मकवानपुर जिल्ला बक्सिङ संघको मिति २०८० साल जेठ २० गते शनिबार हेटौंडामा सम्पन्न नवौं अधिवेशनबाट सर्वसम्मत निर्वाचित अध्यक्ष सुशील घिमिरे, उपाध्यक्ष उज्जवल शर्मा भण्डारी, सचिव अमित मानन्धर, कोषाध्यक्ष राजन शिल्पकारलगायत सर्वसम्मत निर्वाचित सम्पूर्ण कार्यसमितिलाई हार्दिक बधाईसहित सफल कार्यकालको शुभकामना व्यक्त गर्दछु ।

दीपेश जोशी, निवर्तमान अध्यक्ष
एवम् मकवानपुर जिल्ला बक्सिङ संघ परिवार
हेटौंडा, मकवानपुर

## सम्पादकीय

# प्रक्रियागत परम्परा सुधार गरौं

बागमती प्रदेश सरकारले करिब एक साताअघि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम ल्याएको थियो । संवैधानिक व्यवस्थाअनुसार प्रदेश प्रमुखले प्रदेश सरकारको नीति तथा कार्यक्रम प्रदेशसभा बैठकमा प्रस्तुत गर्नुपर्ने भएकाले प्रस्तुत गरियो । प्रदेश सरकारको नीति तथा कार्यक्रमलाई प्रदेशसभामा छलफलमा ल्याउने संवैधानिक व्यवस्थाअनुसार उक्त प्रक्रिया पनि सकिएको छ । नीति तथा कार्यक्रम सार्वजनिक गरिएपछि त्यसको बारेमा प्रदेशसभामा छलफल हुनु सकारात्मक कुरा हो । सरकारलाई नियन्त्रण गर्नकै लागि संसदको व्यवस्था गरिएको हो । सरकारले ल्याएको नीति तथा कार्यक्रममा संसदमा छलफल गरेर त्यसमा देखिएका कमी कमजोरी सुधार गर्न सांसदहरुले सुझाव दिने गर्दछन् । तर, सरकारसँग बहुमत हुने भएकाले संसदमा छलफलको प्रक्रियागत औपचारिकता पूरा गर्नेबाहेक त्यसले कुनै प्रतिफल दिने गरेको पाइँदैन । सरकारले ल्याएको नीति तथा कार्यक्रमलाई बहुमतको बलमा संसदबाट हुबहु पारित गरिने भएका कारण प्रक्रियागत औपचारिकताकै लागिमात्र संसदमा छलफल गर्ने परिपाटी देखिएको छ ।

कुनै पनि सरकारले ल्याएको नीति तथा कार्यक्रम सबै कुराले परिपूर्ण हुँदैन नै । केही व्यक्तिहरुको समूहले तयार पार्ने नीति तथा कार्यक्रममा थपघट गर्नुपर्ने विषयवस्तु धेरै हुन्छन् । सरकारले प्रस्तुत गरेको नीति तथा कार्यक्रमलाई परिणाममुखी बनाउन संसदमा व्यापक छलफल गरिनु आवश्यक छ । सबै सांसदलाई सरकारको नीति तथा कार्यक्रममाथि आफ्ना विचार व्यक्त गर्ने र आवश्यक सुझाव दिने अनिवार्य व्यवस्था हुनुपर्छ । यसरी सांसदले दिएका उपयुक्त सुझावलाई सरकारले नीति तथा कार्यक्रममा समावेश गरेर पूर्णता दिने व्यवस्था लागू गरिनुपर्छ । कि त सांसदले दिएका सुझाव यो कारणले उपयुक्त छैन भन्ने सरकारको तर्फबाट स्पष्ट पारिनुपर्छ, होइन भने उचित सुझावलाई नीति तथा कार्यक्रममा समावेश गरिँदा त्यसले सरकारलाई जनउत्तरदायी बनाउन पक्कै सहयोग गर्छ नै । नीति तथा कार्यक्रमलाई संसदमा छलफलमा ल्याउनुको उद्देश्य पनि प्राप्त सुझावलाई समावेश गर्नु नै हो । केबल प्रक्रिया पूरा गर्नकै संसदमा छलफल चलाउने औपचारिकताले साधन स्रोतको दुरुपयोग गर्नुका साथै सरकारको कमजोरी सुधार्न सक्दैन ।

बागमती प्रदेश सरकारको नीति तथा कार्यक्रममाथि प्रदेशसभामा ३ दिन छलफल भयो । प्रदेशसभाका विभिन्न सदस्यहरुले नीति तथा कार्यक्रमको समीक्षासहित सरकारलाई नीति तथा कार्यक्रममा समावेश गर्न र भएका प्रावधान सुधार गर्न महत्वपूर्ण सुझावहरु पनि दिएका छन् । तर, ३ दिनमै नीति तथा कार्यक्रममाथिको छलफल अन्त्य गरेर पहिला प्रस्तुत गरेकै हुबहु नीति तथा कार्यक्रम सरकारले पारित गर्ने निश्चित छ । सरकारसँग बहुमत भएकै आधारमा प्रदेशसभाबाट हुबहु नीति तथा कार्यक्रम पारित गरिने परम्परालाई परिवर्तन गर्नैपर्छ । बागमती प्रदेशसभाको प्रमुख प्रतिपक्षी एमालेका सांसदले नीति तथा कार्यक्रममाथि प्रदेशसभामा उठेका विषय तथा सुझावहरुलाई समावेश गरेर नीति तथा कार्यक्रम परिमार्जन गर्न माग गरेका छन् । एमालेका सांसदहरुले नीति तथा कार्यक्रम पुनर्लेखन गरेर पुनः जारी गर्न माग गर्दै त्यसो नगरे सदन अवरुद्ध पार्ने धम्कीसमेत दिएर प्रतिपक्षीको धर्म निर्वाह गरेका छन् ।

संवैधानिक व्यवस्थाबमोजिम प्रदेश सरकारले प्रत्येक वर्ष असार १ गते आगामी आर्थिक वर्षको बजेट प्रदेशसभामा पेश गर्नुपर्छ । त्यसअघि सरकारको नीति तथा कार्यक्रमलाई प्रदेशसभाबाट पारित गराउनुपर्छ । सोही कर्मकाण्ड पूरा गर्न प्रदेश सरकारले प्रदेशसभामा नीति तथा कार्यक्रम प्रस्तुत गरेर छलफल गर्ने गर्दछ । छलफलमा जतिसुकै राम्रा सुझाव प्राप्त भए पनि त्यसलाई बेवास्ता गरेर सरकारले सुरुमा प्रस्तुत गरेको नीति तथा कार्यक्रम नै पारित गर्ने स्वेच्छाचारी र प्रक्रियागत परम्परालाई राजनीतिक दलहरुले परिवर्तन गर्न सक्नुपर्छ । अबदेखि प्रदेशसभा सदस्यले नीति तथा कार्यक्रममा दिएका राम्रा सुझावलाई समावेश गरेर परिमार्जनसहित नीति तथा कार्यक्रम पारित गर्ने परिपाटीको विकास गराएर प्रदेश संरचनाप्रतिको जनविश्वास बढाउन सम्बद्ध पक्षको चेत खुल्नु आवश्यक छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : महत्वाकांक्षा बढ्ने समय योग रहेको छ ।
**वृष** : घर-व्यवहारका क्षेत्रमा खर्च बढ्ने समय छ ।
**मिथुन** : ज्ञान र सीप बढाउने काममा सरिक भइनेछ ।
**कर्कट** : मानसिक अस्थिरता प्राप्त हुने समय योग छ ।
**सिंह** : पराक्रम र उत्साहमा वृद्धि हुने समय योग छ ।
**कन्या** : धनार्जनका प्रशस्त अवसरहरु प्राप्त होलान् ।
**तुला** : वौद्धिक तथा पढाइ लेखाइमा प्रगति हुने समय छ ।
**वृश्चिक** : एकाग्रतामा कमि आउने समय योग देखिन्छ ।
**धनु** : स्वास्थ्यमा सुधार र राम्रो रहने समय छ ।
**मकर** : कार्यक्षेत्रमा सक्रिय भएर खटिने समय छ ।
**कुम्भ** : दुर्घटना र समस्याबाट जोगिँदा राम्रो रहला ।
**मीन** : व्यापार-व्यवसायका काममा मन्दी आउने छ ।

# भ्रष्टाचार, प्रशासनतन्त्र र मुलुक



✍प्रा. डा. हरि शर्मा

मुलुकमा सरकारदेखि प्रशासनतन्त्र (ब्युरोक्रेसी) सम्म निर्वाध गतिमा तस्करी, ठगी, जालसाजी र भ्रष्टाचार संस्थागत हुँदै गएको छ । समाजमा रहेका हाम्रा मौलिक मूल्य-मान्यतालाई डढेलोसरि खरानीमा परिणत पार्ने दुष्चक्र चलिरहेका छन् ।

पछिल्ला दिनमा विदेशी सञ्चार माध्यमले नेपालको विद्यमान विक्षिप्त राजनीतिक, आर्थिक, सामाजिक र व्यावसायिक अवस्थाप्रति नकारात्मक टीका-टिप्पणी गरिरहेका छन् । हाम्रो राजनीतिक व्यवस्था अहिले पंगू अवस्थामा रहेको भान हुन्छ ।

चर्चित फ्रान्सेली अपराधी चार्ल्स शोभराजले भनेजस्तै एकमात्र अन्तर्राष्ट्रिय विमानस्थल तस्करीको अखडा बनेको छ ।

विमानस्थलमा चौबीसै घण्टा सुरक्षा निकायका सेना, प्रहरी र अन्य प्राविधिक सुरक्षा टोली खटिइरहेका हुन्छन् । तापनि प्रश्न उठ्छ, सुरक्षाले घेरिएको विमानस्थलभित्रबाट तस्कर सजिलै उम्किने गर्छन् । हाम्रो विमानस्थलमा हालै चिनियाँ नागरिकले 'भेप' (एक किसिमको धूवाँ फाल्ने नक्कली चुरोट) मा लुकाएर ल्याएको करोडौंको सुनसँग अस्ति भर्खरै एक जना नायब सुब्बा गाँसिन पुगे । प्रलोभनले तिनलाई 'भ्रष्ट' कर्मचारी बनायो ।

तर, यस्ता देशप्रतिको गद्धारीको नतिजा नबुझ्ने, कसैका भाइभतिजा पर्ने असंख्य सुब्बा अनेकौं सेटिङकर्ताका कृपापात्र बनेर राजधानीमा राजसी जीवनयापन गरिरहेका छन् । देशको अर्थतन्त्रबारे अब लेखिरहनुपर्ने केही देखिँदैन । यस विषयमा हामीले प्रस्टै बुझिसक्यौं । तस्करी, ठगी, जालसाजी र भ्रष्टाचारजस्ता कुकर्महरूको उद्गम अन्यत्र कतै होइन, आफ्नै देशभित्र, देश-निर्माणमा आफूलाई समर्पित गर्ने सुकिला-मुकिलाहरुबाटै हुने गरेको रहेछ । विकास-निर्माणका ठेक्कापट्टामा, सरकारी खरिद र लेनदेनमा, बगरले ल्याउने ढुंगा, गिट्टी र बालुवामा, खोलाको पानी र औषधिमा, आधा-बैंस विदेशमा बिताएर स्वदेश फर्कंदा नेपाली कामदारको झोला-झिम्टीसमेतमा ऱ्याल चुहाउने देशभक्त कहलिएका, सत्चरित्र, इमानदार, सेवा भावनाले भरिपूर्ण देशको प्रशासनयन्त्र हाँक्ने आफ्नै आदरणीय अगुवाहरू नै 'फरेबी' भएपछि देश कहिल्यै उँभो लाग्न सक्ला त ?

राज्यविरुद्धको अपराधलगायत संगठित अपराध, ठगी र किर्तेसम्बन्धी कसुरमा यति धेरै संख्यामा अभियुक्तहरू चिनिने सम्भवतः नेपालको प्रजातान्त्रिक गणतन्त्रको इतिहासमा सर्वथा पहिलोचोटि हो । अन्तर्राष्ट्रिय जगत्मा समेत नेपालजस्तो सुन्दर, शान्त, विशाल तथा सार्वभौमसत्तासम्पन्न देशले लज्जाले शिर निहुराउनुपर्ने अवस्था पहिले कहिल्यै आएको थिएन । अहिले संसद्देखि सडकसम्म केवल यही चर्चा छ ।

यसैबीच सरकारले सधैंझैं नयाँ बजेट सार्वजनिक गरेको छ । विगतमा झैं आमनेपालीको कल्याणलाई मध्यबिन्दु बनाएर आगामी दिनका लागि कार्यक्रम अघि सारिएका छन् । काम पनि सुरु होला, तर व्यवस्थापन र बजेट अभावमा काम नटुंगिने, सरकारको प्राथमिकताबाट हट्दै जाने र अभिलेख मेटिँदै जाने प्रक्रियाले निरन्तरता नपाउला भन्न सकिने स्थिति छैन । बजारमा उपयोग्य वस्तुहरूको माग र आपूर्तिमा देखिएको असमानताले गर्दा महँगी २० प्रतिशतसम्म अझै बढ्ने अर्थविद्हरूले प्रक्षेपण गरेका छन् । आयात बढी र निर्यात नगण्य भएकाले व्यापार घाटा दिनहुँ बढ्दो छ ।

यसलाई कम गर्न राष्ट्रसेवकको जागिरे मनोवृत्तिमा परिवर्तन आवश्यक छ । विभूषण र पदक तिनैका छातीमा टाँसिन्छन् । उत्पादन गर्ने किसान र मजदुरको कहीं केही गन्ती छैन । तक्मा बाँड्ने सूचीमा सरकारले किसान, मजदुर, र समाजसेवीहरुको संख्यामा बढोत्तरी गरोस्, न कि तलब-भत्ता पचाएर सेवाको स्वाङ गर्ने कर्मचारी र व्यापारीहरुको संख्यामा । गृहको सूचीमा नाम थप्न जानेहरुको लस्कर सबैले देखेकै कुरो हो । जुन देशमा श्रमको कदर हुन्छ, त्यस देशमा उत्पादनको कमी हुँदैन । सिफारिस र भनसुनलाई निर्मूल पार्न जरुरी छ ।

अन्यथा, 'धान खाने मुसा, चोट पाउने भ्यागुतो' उखान शाश्वत सत्य बन्दै जाने निर्विवाद छ । मुलुकले अहिले भोग्नु परिरहेको आर्थिक संकटलाई पार लगाउने व्यक्ति चाहिएको छ । सज्जनका रुपमा समाजमा उभिएका माला, खादा, अबिर र पिर्का खोज्नेहरुलाई नेपाली जनता हेर्न पनि चाहँदैनन्, तिनका मिस्रीलेपित कुरा सुन्न चाहँदैनन् । नेपाली युवा कसैको पनि रैती हुन चाहँदैन्, तिनका धमनीमा स्वाभिमानको भेल छ । यसै कारणले उनीहरु निरुपाय भई खाडीतिर दौडिन्छन् । यद्यपि तिनलाई थाहा छ, उनीहरु राष्ट्रका सार्वभौमसत्तासम्पन्न नागरिक हुन् ।

देशको विद्यमान राजनीतिक खग्रासबारेमा चिन्तन गर्दा अहिले घरघरै दृष्टिविहीनहरुले हात्ती छामेर अनुमान र अड्कल लगाउने काममात्रै भइरहेको आभास हुन्छ । अहिले भ्रष्टाचारी र कुकृत्यमा संलग्नहरु छद्मभेषमा हामीबीच पुस्तौं पुस्ताको सुखसयलको जोहो गर्दै हिंडिरहेका छन् । सोझासाझा नेपाली जनता आफूले खाइनखाइ मानसम्मान र लोकप्रियताको क्षीर सागरमा सुरक्षित रही विचरण गरिरहेका ती राष्ट्रका तमाम कपूतहरुलाई पहिचान गरी न्यायालयको कठघरामा उभ्याउन सफल होस् सरकार, ताकि भविष्यमा देशमा त्यस्ता आपराधिक कर्तुतहरूको पुनरावृत्ति हुन नपाओस् ।

विश्व मानचित्रमा झन्डै कमिलाको आकार भएको सानो र जटिल भूभाग बोकेको हाम्रो जस्तो देशमा 'बोल्ट फर्म द ब्लू' भनेजस्तै गरी एक्कासि गणतन्त्रको अभ्युदय भयो । फलस्वरुप हाम्रो प्रशासनिक संरचना पनि त्यसैअनुरुप बन्यो । जनता गरिब भएको देशमा, उत्पादकत्व शून्य रहेको मुलुकमा महत्वाकांक्षाहरुको फूलबारी महकिन थाल्यो, देश-विदेशका रंगीन चराचुरुङ्गीहरुले हाम्रो गीत, संगीत र संस्कृतिमा कल्पनै नगरिएको र बुझ्नै नसकिएका परिवर्तन ल्याइदिए । हाम्रो भूमिलाई आफ्नो क्रीडास्थल बनाइदिए । धेरैले वाञ्छित र अपेक्षित परिवर्तन आएको महसुस गरे तर अझ धेरैले मुलुकबाट अनुशासनै हराएको अनुभूति पनि गरे ।

१७ वर्ष व्यतीत भइसक्यो । गरिबको थाप्लोबाट नाम्लो छुटेको छैन । जीजीविषाको खोजीमा सखारै घरबाट बिदाई लिएर कर्णालीका उज्याला सपना सजाउँदै हिँडेकाहरु तुइन चुँडिएर बेपत्ता भइराखेकै छन् । छोराछोरीहरुले विदेश जाने रटान लाउन छाडेकै छैनन् । शून्य सहनशीलता र सुशासनका पात्रहरु भर्खरै बनेको सडकको कालोपत्र उप्किएझैं, बन्दै गरेको पुल भत्किएझैं उप्किँदै र भत्किँदै गइराखेका छन् । आर्थिक भ्रष्टाचार गर्दा अर्जेको अर्थज्ञानले अर्थतन्त्र चलाउने असफल प्रयास भइराखेकै छन् । सुमना श्रेष्ठजस्ता सांसदहरूले सामाजिक सञ्जालको प्रयोग गरेर जनचेतना जगाउने कोसिस त गर्छन्, तर देशलाई अनजान दिशाबाट बग्ने बतासले कता डोऱ्याइरहेछ, केही थाहा पाइँदैन । हाम्रा तीन निकाय– एउटा जसको आँखा बन्द छ (न्यायालय), अर्को जसले कान थुनेर बसिरहेछ (सरकार) र अझै अर्को जसको मुख थुनिएको छ (जनता) जस्ताका तस्तै निष्प्राण देखिन्छन् ।

भुटानी शरणार्थी घोटाला प्रकरण अहिले एउटा निर्णायक मोडमा आइपुगेको छ । कसुरदारहरुविरुद्ध केही थप अनुसन्धान पनि गरिने भन्ने सुनिएको छ । 'न्याय'लाई अन्धो बनाई नराख्न सरकारसँग हामी सम्पूर्ण देशवासीको अनुरोध छ । यहाँ विधिको शासन चल्छ भन्ने हामीले विश्वसामु देखाउन पनि दोषीहरूलाई कडा कानुनी सजाय दिने र शंकाका घेरामा परेका कोही निर्दोषी भएको विधिले ठहर गऱ्यो भने तिनलाई ससम्मान रिहा गरिनुपर्छ भन्ने सबैको चाहना छ । समग्रमा हामी नेपालीहरूले विदेशमा गइयो भने धन कमाउन पाइन्छ, सुखको जिन्दगी बाँच्न पाइन्छ भनेर देश परित्याग गर्ने सोचलाई मनमस्तिष्कबाट निकालिदिन जरुरी छ ।

पुर्खाले आर्ज्याको खेतबारी र घरको श्रीसम्पत्ति दाउमा लाएर बिदेसिने कल्पना पनि नगरौं । नेपालजस्तो देश विश्वमा कहीं छैन, हाम्रो देशमा हामी हाम्रा देवीदेवताहरूसँग बाँचिरहेका हुन्छौं । मात्र के हो भने, हामीलाई प्राचीन कालदेखि नै शासक-सामन्तहरूले रैतीको दर्जामा राखेर व्यवहार गरे । उद्यम, कल-कारखाना र वैज्ञानिक सोचबाट हामीलाई सधैं पृथक् राखियो । हामीले कसरी शिक्षित हुनेतर्फभन्दा पनि रातारात कसरी धनाढ्य हुनेतर्फको विचारलाई सार्थकता प्रदान गर्न आफूलाई समर्पित गऱ्यौं । आजको परिस्थिति त्यसैको उपज हो । समय छ, अब हामीले असल नेता र असल नीतिहरूको माध्यमबाट हाम्रो नयाँ नेपाल निर्माणको संघर्षलाई निरन्तरता दिँदै जानुपर्छ । आफ्नै धरतीलाई स्वर्ग बनाउनुपर्छ । अपार धन यहीँ फल्छ । *(स्रोतः कारोबार दैनिक)*

# 'कपास खेती गर्ने किसान अब खाडी त जानु होला नि !'

लमही नगरपालिकाको रिहार क्षेत्रका करिब ५०-६० हामी किसान २०५७ सालदेखि कपास खेती गर्दै आएका छौं। कपास विकास समितिका कर्मचारीहरुले हामीलाई कपास खेती गर्न बीउ, विषादी र अन्य प्राविधिक सहयोग गर्दै आएका छन् ।

कपास खेती हुनुभन्दा पहिले नै समितिले कपासको मूल्य तोकिदिन्थ्यो । हामीले उत्पादन गरेको कपास पनि समितिले किनिदिने ग्यारेन्टी थियो । हाम्रै गाउँबस्तीमा आएर खरिद गरी एकमुष्ट पैसा दिन्थ्यो । कपास खेती गरेर हामीले एकमुष्ट आम्दानी गर्थ्यो ।

यो वर्ष पनि मैले करिब ८ कट्ठामा कपास खरिद गर्ने भनेर समितिबाट बीउ पनि ल्याइसकेको थिएँ । एक्कासी रेडियोबाट कपास विकास समिति खारेज भयो भन्ने सुन्दा हामी अचम्ममा परेका छौं ।

समिति खारेज भएपछि हामीले उत्पादन गरेको कपास कसले किनिदेला भन्ने चिन्ता बढेको छ । नेताहरुले चुनावको बेला जनतालाई गाँस, बास, कपासको व्यवस्था गर्छौं भनेर भाषण गरेको मैले सुनेको छु । तर काम भने उल्टो गर्छन् ।

हामीलाई चाहिने कपास हामीले उत्पादन गरिरहेका थियौं । कपास खेतीलाई बढाएर नेपाललाई चाहिने कपास नेपालमै उत्पादन गर्नुपर्ने थियो तर नेताहरुले त कपास खेतीलाई सिध्याउने गरेर समितिलाई नै बन्द गरेर के गर्न खोजेका होलान् ! अब त पूजापाठका लागि बत्ती कात्न चाहिने कपास पनि विदेशबाटै किनेर ल्याउनुपर्ने दिन आए ।



*मित्रलाल पुन, कपास कृषक दाङ*

२०-२२ वर्षदेखि समितिले सहयोग गर्दै आएको थियो । समिति खारेज भएपछि कपास खेतीका लागि सरकारले दिने अनुदान पनि बन्द हुन्छ होला । हामीले उत्पादन गरेको कपास कसले किन्ला भन्ने अन्योल छ ।

सिंचाइको सुविधा नभएको क्षेत्रमा कपास खेती हुन्थ्यो । सिंचाइ सुविधा नभएको बारीमा अरु खेती बाली पनि राम्रो हुँदैन । भए पनि बँदेलले धेरै नोक्सान गरिदिन्छ ।

कपासमा जस्तो आम्दानी हुँदैन । कपास खेती गर्न सक्ने अवस्था भएन भने सिंचाइ सुविधा नभएका जंगल नजिक गाउँ बस्ती भएका हामी जस्ता गरिब किसानलाई धेरै समस्या हुन्छ । त्यसैले सरकारले कपास समिति खारेज गर्दा हामी कपास खेती गर्ने धेरै किसान चिन्तित भएका छौं ।

कपास राम्रो भएको वर्ष हामीले वर्षमा तीन पटकसम्म टिप्थ्यौं । एक कट्ठामा एक क्वीन्टलसम्म उत्पादन हुन्छ । हामीले पनि ७०-८० किलो सम्म उत्पादन गरेका थियौं । कपास बालीमा अरु बालीमा भन्दा अलि बढी दुःख भने छ । रोपेपछि राम्रो हुर्किएका बोटहरू राखेर अन्य बोटहरू गोडमेल गरेर हटाउनुपर्छ । रोग, कीराबाट बचाउन पटक-पटक विषादी छर्नुपर्छ ।

मिहिनेत परे पनि समितिले कपास खेतीमा सहयोग गरिरहेको थियो । अन्य बाली खेती गर्दा हामी किसानले कुनै सहयोग पाउँदैनौं । सिंचाइ, रासायनिक मल र उन्नत बीउ नपाउँदा अन्न बालीबाट पनि खासै फाइदा हुँदैन । त्यसमा पनि रोग-कीरा र जंगली जनावरले सताउँछन् । खेती किसानी भनेकै दुःखको काम हो ।

कपास विकास समिति खारेज भएपछि कपास खेती गर्ने हामी जस्ता किसानको आम्दानीको मुख्य बाटो बन्द भएको छ । अब कामका लागि भारत लगायत खाडी मुलुक त जानु होला नि !

*(दाङ, लमहीका कपास कृषक पुनसँग पत्रकार कृष्ण अधिकारीले गरेको कुराकानीमा आधारित । स्रोतः अनलाईखबर)*

# कांग्रेसलाई शुद्धीकरण गरेर अघि बढाउन आवश्यक: सहमहामन्त्री उपाध्याय




समाज संवाददाता

हेटौंडाः नेपाली कांग्रेसकी केन्द्रीय सहमहामन्त्री डिना उपाध्यायले कांग्रेसलाई शुद्धीकरण गरेर अघि बढाउन आवश्यक रहेको बताउनुभएको छ। शनिबार नेपाली कांग्रेस हेटौंडा नगर समितिको सम्मेलनलाई सम्बोधन गर्नुहुँदै महामन्त्री उपाध्यायले यस्तो बताउनुभएको हो।

पार्टीमा ४६ सालदेखि अहिलेसम्म सधैं शद्धीकरणको आवाज उठ्दै आएको बताउनुहुँदै उहाँले बाहिर सडकमा र सामाजिक सञ्जालमा मात्र नभई पार्टीभित्रैबाटै शुद्धीकरण गर्नुपर्ने आवश्यकता रहेको बताउनुभयो। पार्टीको मूल अवधारणा नै पार्टीभित्रै लड्ने र शुद्धीकरण गरेर जानुपर्ने उहाँले बताउनुभयो।

अहिले पार्टीमा गतल गरिरहेनहरु मात्र मौलाएको बताउनुहुँदै उहाँले नेतृत्व सुधिन आवश्यक रहेको बताउनुभयो। कांग्रेसले लिएको विचार गन्तव्यमा अझै पुग्न नसकेको उहाँको भनाई छ। कांग्रेसप्रति विचलित हुन जरुरी नभएको र अहिले आएको नयाँ पार्टीहरुबाट डराउनु नपर्ने उहाँले बताउनुभयो।

गत मंसिरमा सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा मकवानपुर क्षेत्र १ का उम्मेदवारसमेत रहनुभएका उपाध्यायले आफूलाई पार्टीभित्रबाटै चुनाव हराउन लागि परेको आरोप लगाउनुभयो। उहाँले एउटा महिलालाई पटकपटक हराउने तत्वविरुद्ध मकवानपुरका नेता कार्यकर्ताहरु किन नलागेको र नबोलेको भनी प्रश्नसमेत गर्नुभयो। पार्टीको नेतृत्वमाथि आक्षेप लगाएर विभिन्न सामाजिक सञ्जालमा जथाभावी लेख्ने नेता कार्यकर्ताहरुलाई कारबाही गर्न प्रदेश सभापति र जिल्ला सभापतिलाई उहाँले चुनौती दिनुभयो।

पार्टीको चुनावमा हारे पनि कांग्रेसको राजनीतिमा कहिल्यै नहारेको उहाँले बताउनुभयो। उहाँले पार्टीलाई आगामी निर्वाचनमा बलियो र सशक्त बनाएर लानुपर्ने बताउनुभयो। मकवानपुर जिल्लाबाट अहिलेसम्म सांसद बनेकाहरु कसैले केही काम नगरेको उहाँले बताउनुभयो। जिल्लामा १ सय २० उद्योग भएपनि २० उद्योग पनि राम्ररी नचलेको अवस्था रहेको बताउनुहुँदै उहाँले अहिलेसम्म जनप्रतिनिधिहरुले कुनै काम नगरेको आरोप लगाउनुभयो।

यस्तै, नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवम् बागमती प्रदेश संसदीय दलका नेता बहादुर सिंह लामाले पार्टीभित्रको कमीकमजोरीलाई आत्मसात गर्दै सुधार गर्न सबै लाग्नुपर्ने बताउनुभयो। पार्टीभित्र कुनै आग्रह र पूर्वाग्रह नराखी एकताबद्ध भएर गएमा कांग्रेस बलियो बन्ने उहाँको भनाई छ।

विकास निर्माणको कार्यहरुमा व्यक्तिको नाम मात्र नभई पार्टीको पनि नाम लिनुपर्ने उहाँले बताउनुभयो। अहिले सबैले नयाँपन खोजिरहेको बताउनुहुँदै समयअनुसार कांग्रेसले विचार र सिद्धान्तलाई पनि नयाँपन दिनुपर्ने बताउनुभयो।

यस्तै, पार्टी बागमती प्रदेश सभापति इन्द्रबहादुर बानियाँले जनतासँग सधैं भ्रम र झुठ बोल्न नसक्ने बताउनुभयो। पार्टीले गठबन्धनको नाममा अरुका लागि मत माग्नुपर्ने अवस्थाले अहिले कार्यकर्तामा निराशा फैलिएको बताउनुभयो। उहाँले भ्रम र झुटको राजनीति गर्ने कोही टिक्न नसक्ने बताउनुभयो।

राजनीति गर्नेहरुमा जीत–हारलाई सधैं आत्मसात गर्ने क्षमता हुनुपर्ने उहाँले बताउनुभयो। पार्टीभित्रको समस्यालाई पार्टीबाटै समाधान गर्नुपर्ने भन्दै उहाँले बाहिर र विभिन्न सामाजिक सञ्जालमा व्यक्त गरेर पार्टीको बदनाम गर्ने काम गर्न नहुने बताउनुभयो।

पार्टी नगर समितिका सभापति उत्सव इटेनीको सभाध्यक्षतामा भएको सम्मेलनमा बागमती प्रदेशसभा सदस्य लक्ष्मी श्रेष्ठ र सञ्जिता खड्का, जिल्ला सभापति बुद्ध लामा, पूर्वसभापतिहरु माइकल रामचन्द्र अर्याल, रघुरमण न्यौपाने र आनन्दराम पराजुलीलगायतको उपस्थिति रहेको थियो।

# भदौ १ गतेबाट नम्बरी सुन

समाज संवाददाता

हेटौंडाः आउँदो भदौ १ गतेबाट नम्बरी सुन चलचित्र प्रदर्शनमा आउने भएको छ। शनिबार हेटौंडामा पत्रकार सम्मेलन आयोजना गर्दै निर्माता टोलीले यस्तो बताएको हो।

हेटौंडा निबासी नारायण खातीले निर्माण गर्नुभएको चलचित्र नम्बरी सुन प्रिमियर शो ओम्याक्स सिनेमा घरमा देखाइएको छ। उक्त प्रिमियर शो आफ्नो जन्मथलोबाट सुरु गरिएको खातीले बताउनुभयो। सुनको महत्व, इतिहास, पुर्खाहरुको रितिरिवाज, चालचलनलाई कमेडी र प्रेमकथामा आधारित रहेर पर्दामा देखाइएको छ।

सुनसँग जोडिएर बनाइएको उक्त चलचित्र एउटा सामाजिक कथावस्तु तथा गाउँघरका सुनारलाई मुखियाहरुले हेर्ने दृष्टिकोण समावेश गरिएको निर्देशक राजु गिरीले बताउनुभयो। गाउँले परिवेश र जातित्वसँगै मायाप्रेमलाई चलचित्रमा समावेश गरिएको र हेरेर प्रतिक्रिया दिन नायक गौरव पहारीले दर्शकहरुलाई आग्रह गर्नुभयो।

चलचित्रमा गौरव पहारी, किरण नेपालीको अलावा नम्रता सापकोटा, सरोज खनाल, गीता अधिकारी, बुद्धि तामाङ, राजाराम पौडेल, नारायण खाती, विनोद न्यौपाने, राजेन्द्र खड्गीलगायत कलाकारको अभिनय रहेको छ। सुवर्ण शिभान्स फिल्मस्को व्यानरमा निर्माण भएको चलचित्रका निर्माता भने सरोज खाती, सबिन खाती र मनोज रिजाल रहेका छन्। चलचित्रमा शिवम् अधिकारीको पटकथा तथा सम्वाद रहेको छ भने अर्जुन पोखरेल र सन्तोष श्रेष्ठको संगीत रहेको छ। चलचित्रमा रामजी लामिछानेको नृत्य, दिव्य सुवेदीको छायांकन, देव महर्जनको द्वन्द्व र गौतमराज खड्काको सम्पादन रहेको छ।

चलचित्र पत्रकार संघ नेपाल मकवानपुरका उपाध्यक्ष श्रीराम अर्जुनको सभाध्यक्षतामा भएको पत्रकार सम्मेलनमा प्रिमियर शो पनि देखाइएको हो। सम्मेलनमा कलाकार किरण नेपालीको पनि उपस्थिति थियो। मकवानपुर सुनचाँदी व्यवसायी संघका अध्यक्ष पवन शाक्य, हेटौंडाका कलाकार सुशान्तकुमार श्रेष्ठ, चलचित्र पत्रकार संघ नेपाल चितवनका उपाध्यक्ष सागर ढुंगानालगायतले चलचित्रको सफलताको शुभकामना व्यक्त गर्नुभयो।

# मकवानपुरगढीका विद्यालयको अनुगमन




*विद्यालय अनुगमनको क्रममा नमूना कक्षाकोठामा छलफल गर्दै अनुगमनटोली।*

समाज संवाददाता

हेटौंडाः सामुदायिक विकास संस्था (सिडिओ) नेपालले अन्तर्राष्ट्रिय दातृ निकाय प्लान इन्टरनेशनल नेपालसँगको सहकार्यमा विद्यालयमा सञ्चालित कार्यक्रमको अनुगमन गरेको छ। विद्यालयको भौतिक तथा शैक्षिक सुधारका लागि गरिएको सहयोगको बिहिबार अनुगमन गरिएको हो। जनप्रतिनिधिको समेत सहभागितामा विद्यालयको अनुगमन गरिएको हो।

मकवानपुरगढी गाउँपालिका–३ र ६ नम्बर वडामा रहेको विद्यालयको अनुगमन गरिएको सिडिओ नेपालका कार्यक्रम संयोजक अर्जुन खड्काले जानकारी दिनुभयो। मकवानपुरगढी गाउँपालिका–३ स्थित भानु मावि र ६ नम्बर वडास्थित जालपादेवी माविको अनुगमन गरिएको हो। सिडिओ नेपालले प्लान इन्टरनेशनल नेपालसँगको सहकार्यमा विद्यालयको भौतिक सुधारतर्फ कक्षाकोठाको मर्मत, प्रारम्भिक बालविकास कक्षाको स्तरोन्नति गरी नमूना कक्षाकोठा निर्माण गर्ने, शिक्षकहरुको क्षमता विकासका लागि तालिम कार्यक्रम सञ्चालन गर्दै आएको छ।

सिडिओ नेपालले जालपादेवी माविमा शौचालय र महिनावारी भएका बेला आराम गर्ने कक्षको पनि निर्माण गरिदिएको छ। सिडिओ नेपालले मकवानपुरको बागमती, मनहरी र मकवानपुरगढी गाउँपालिकाका विद्यालयमा काम गरिरहेको छ। विद्यालयको अनुगमनमा ३ नम्बर वडा अध्यक्ष भागवत घिमिरे र ६ नम्बर वडा अध्यक्ष कृष्णप्रसाद बजगाई पनि सहभागी थिए।

# नमुना टोल विकास निर्माणको प्रतिवद्धता

समाज संवाददाता

हेटौंडाः हेटौंडा–६, चौघडामा रहेको नव जीवनज्योति क्लबको आयोजनामा भेला तथा अन्तरक्रिया कार्यक्रम गरिएको छ। शनिबार भएको कार्यक्रममा नगर समन्वय समिति, वडा र स्थानीय संघसंस्थाले नमुना टोल विकास निर्माणमा जोड दिएका छन्।

कार्यक्रममा वडा नम्बर ६ लाई नमुना टोल विकास निर्माणका लागि १ लाख बजेट विनियोजन गर्ने प्रतिवद्धता गरेको नव जीवनज्योति क्लबको पूर्वअध्यक्ष तथा सल्लाहकार श्यामप्रसाद श्रेष्ठले जानकारी दिनुभयो। वडास्थित रक्षादेवी टोल विकास संस्थाले नगरमा नमुना टोल विकास संस्थाको रुपमा विकास गर्ने प्रतिवद्धता जाहेर गरेको थियो।

कार्यक्रमको उद्देश्य अनुकरणीय टोल बनाएर वडा र उपमहानगरपालिकालाई नै नमुना बनाउने रहेको उहाँले जानकारी दिनुभयो। कार्यक्रमलाई सहजीकरण गर्दै श्रेष्ठले कार्यक्रमको महत्व, प्रस्तावित नमुना टोल विकास संस्थाका लागि तयार गरिने कार्ययोजना र उपलब्धीबारे जानकारी गराउनुभएको थियो। श्रेष्ठ टोल विकास संस्था नगर समन्वय समितिका पूर्वअध्यक्ष तथा वर्तमान सल्लाहकारसमेत हुनुहुन्छ।

कार्यक्रम वडा नम्बर ६ का वडा अध्यक्ष बिष्णुबहादुर दाहालको प्रमुख आतिथ्यमा सञ्चालन भएको थियो। क्लबका अध्यक्ष राजकुमार बास्तोलाको सभाध्यक्षतामा सञ्चालन गरिएको भेलाले एक वर्षभित्र सूचीकरण गरिएका सबै आधारभूत कार्य सम्पन्न गरी टोल विकास संस्था नगर समन्वय समितिमा नमुना टोल विकास संस्था घोषणाका लागि प्रस्ताव पेश गर्ने निर्णय गरेको उहाँले बताउनुभयो।

कार्यक्रममा ६ नम्बरका वडा सदस्य लेखराज र महिला सदस्य मुना विश्वकर्मा, टोल विकास संस्था वडा समन्वय समितिका संयोजक बासु खतिवडा, रक्षादेवी क्लबका उपाध्यक्ष, रक्षादेवी क्लबका संस्थापक अध्यक्ष शम्भु रिमाल, नव जीवनज्योति क्लबका पूर्वअध्यक्ष श्रीराम पुडासैनी, समाजसेवी कृष्णप्रसाद सञ्जेललगायत रक्षादेवी टोल विकास संस्थाको ८५ घरधुरीबाट महिला तथा पुरुषहरुको उपस्थिति रहेको थियो।

# महिला उद्यमीको प्रदेशस्तरीय २ दिने गोष्ठी सम्पन्न



समाज संवाददाता

हेटौंडाः मकवानपुर महिला उद्यमी व्यवसायी संघको २ दिने कार्यशाला गोष्ठी सम्पन्न भएको छ। मकवानपुर महिला उद्यमी व्यवसायी संघको आयोजना तथा हेटौंडा उपमहानगरपालिकाको सहकार्यमा शुक्रबारबाट हेटौंडामा सुरु भएको बागमती प्रदेशस्तरीय महिला उद्यमी व्यवसायी कार्यशाला गोष्ठी २०८० शनिबार सम्पन्न भएको हो।

गोष्ठीमा बागमती प्रदेशमा रहेका महिला उद्यमी व्यवसायीहरु उपस्थित रहेका थिए। गोष्ठीमा प्रदेशका विभिन्न उद्योग वाणिज्य संघमा आबद्ध भएका २० वटा संस्थाबाट महिला उद्यमीहरु सहभागी रहेका थिए। मकवानपुर महिला उद्यमी व्यवसायी संघकी अध्यक्ष सुशीला पाण्डेको सभाध्यक्षता तथा हेटौंडा उपमहानगर पालिकाका प्रमुख मीनाकुमारी लामाको प्रमुख आतिथ्यमा कार्यशाला गोष्ठी सम्मपन्न भएको हो। गोष्ठी समापनको क्रममा मुख्य प्रशिक्षक सिर्जना श्रेष्ठ र प्रशिक्षक राज्यलक्ष्मी शाक्यलाई सम्मान गरिएको थियो।

गोष्ठीमा बोल्नुहुँदै मेयर लामाले समाजमा महिलाको नेतृत्व चाहिने भनेर आफू राजनीतिमा लागेको बताउनुभयो। कार्यशाला गोष्ठीबाट महिलाले आयआर्जन बढाउने काम राम्रो भएको बताउँदै आफूले पनि कसरी आन्तरिक स्रोत बढाउन सकिन्छ भनेर लाग्नुपर्नेमा जोड दिनुभयो। समाज रुपान्तरणमा महिलाको ठूलो भूमिका हुने कुरामा उहाँले जोड दिनुभयो।

आफूले सिकेको सीपको उपयोग गर्नुपर्ने बताउँदै लामाले सिकेको सीपलाई गुणस्तरीय बनाउन आवश्यक रहेको बताउनुभयो। महिलालाई उद्योगी बनाउन उत्पादन भएको वस्तुलाई सरकारले अनुदान, सहुलियत ऋण प्रदान गरी बजारीकरण गर्न, गुणस्तरीय बनाउन लाग्नुपर्नेमा जोड दिनुभयो।

गोष्ठी समापनमा सहभागी पनौती उद्योग वाणिज्य संघका उपाध्यक्ष अञ्जु रन्जितले २ दिने गोष्ठीमा उद्योग कसरी सञ्चालन गर्ने, उत्पादित वस्तु कसरी बजारीकरण गर्ने भन्ने विषयमा छलफल भएको बताउनुभयो। छलफलको क्रममा औद्योगिक ग्राम सञ्चालन गर्ने कुरा उठेकोमा हरेक स्थानीय तहमा औद्योगिक ग्राम सञ्चालनमा ल्याउनुपर्नेमा जोड दिनुभयो।

महिलामा उद्योग चलाउन सक्ने सीप, क्षमता भएको तर लगानीको लागि पुँजी नभएको उहाँको भनाई छ। ३ तहको सरकारले महिलाको हकमा आवाज उठाउन आवश्यक रहेको उहाँले बताउनुभयो। नेपालका युवाहरु विदेशिने क्रम बढेको अवस्थामा नेपालमा वृद्ध, अशक्तमात्र रहने ठाउँ बनेकोमा दुःख व्यक्त गर्नुभयो।

अर्का सहभागी रत्ननगर उद्योग वाणिज्य संघका विरञ्जना घिमिरेले अन्य समयमा विभिन्न संस्थाले गरेको कार्यक्रम उपलब्धीमूलक होस् या नहोस् काम गरेकोजस्तो मात्र काम हुने गरेकोमा यो कार्यक्रमले सफलता पाएको बताउनुभयो। गोष्ठीले महिलाको लागि थप ऊर्जा दिने काम गरेको उहाँको भनाई छ।

गोष्ठीमा संघकी अध्यक्ष पाण्डेले उद्योगीहरुले उत्पादन गरेको बस्तुको बजारीकरण, व्यवस्थापनको विषयमा छलफल भएको बताउनुभयो। कार्यशाला गोष्ठीले महिलाहरुले कसरी व्यवसाय सुरु गर्ने, फर्म रजिस्ट्रेशन, उद्योगको प्रकार र सेवा सुविधाको बारेमा छलफल भएको जानकारी दिनुभयो। छलफलको क्रममा औद्योगिक ग्राम स्थापना गर्नुपर्ने विषय उठान भएको उहाँले जानकारी गराउनुभयो।

# साहित्यिक तथा सांस्कृतिक कार्यक्रम समापन

समाज संवाददाता

हेटौंडाः आँचल साहित्य कलापुञ्ज मकवानपुरको आयोजनामा शुक्रबारदेखि सुरु भएको वृहत् साहित्यिक तथा सांस्कृतिक कार्यक्रम–२०८० समापन भएको छ। आँचलकी अध्यक्ष भावना सापकोटाको सभाध्यक्ष तथा हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मीनाकुमारी लामाको प्रमुख आतिथ्यमा दुई दिने कार्यक्रम शनिबार समापन भएको हो। अन्तिम दिन लैङ्गिक तथा यौनिक अल्पसंख्यकको आवाज शीर्षकमा रचना वाचन, साहित्यमा लैंगिक सवाल, हास्यव्यङ्ग्य प्रस्तुति र कविता, गजल, मुक्तक, सूत्रकथा वाचन गर्दै कार्यक्रम समापन गरिएको छ।

यस्तै पहिलो दिन आयोजना गरिएको आधारभूत तहस्तरीय नृत्य प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय र सान्त्वना हुने विद्यालयलाई पुरस्कार वितरण गरिएको छ। हेटौंडा–५, पिप्लेमा रहेको बालज्योति माध्यमिक विद्यालय प्रथम, हेटौंडा–४ मा रहेको ब्रह्मदिक एकेडेमी द्वितीय, हेटौंडा–५ मा रहेको जीएस निकेतन तृतीय र सिद्धार्थ शिशु सदन सान्त्वना भएका थिए। सोही दिन लैङ्गिक अधिकार हाम्रो सरोकार शीर्षकमा बहस र सुर संगमबारे सहजीकरण भएको थियो।

स्वादिष्ट नेवारी खाजा




अब
होटल बासुकला (फास्टफुड) मा

स्वादका पारखीको विश्वास जित्दै २५ बर्षदेखि निरन्तर सेवामा समर्पित स्वादिष्ट नेवारी खाजा घरमा स्वागत गर्दछौं।

नेवारी खाजा सेट, म:म, चाउमिन, बारा, योमरी लगायतका खाजा खान हार्दिक स्वागत गर्दछौं।

होम डेलिभरीको पनि सुविधा रहेको जानकारी गराउँदछौं।

०५७-५२६०१३

## हेटौंडा मेयर कप

# २ र १९ नम्बर वडा क्वाटरफाइनल प्रवेश

समाज संवाददाता

हेटौंडाः तेश्रो संस्करणको हेटौंडा मेयर कप फुटबल प्रतियोगिताअन्तर्गत् शनिबार दुई खेल सम्पन्न भएको छ । हेटौंडा–५ स्थित पिप्ले–क्याम्पा रंगशालामा भएको खेलमा २ नम्बर वडा र १९ नम्बर वडा क्वाटरफाइनल प्रवेश गरेको छ ।

शनिबार भएको पहिलो खेलमा २ नम्बरले १७ नम्बर वडालाई १–० गोलले हराएको हो । २ नम्बरको जीतमा कैलाश श्रेष्ठले निर्णायक खेल गरे । श्रेष्ठ खेलको म्यान अफ द म्याच घोषित भए ।

शनिबार भएको दोस्रो खेलमा ८ नम्बर वडालाई २–० गोलले हराउँदै १९ नम्बर वडा क्वाटरफाइनल प्रवेश गरेको हो । १९ नम्बरको जीतमा सञ्जीव गोङ्बा र बुद्ध मल्लले एक–एक गोल गरे । खेलको म्यान अफ द म्याच गोङ्बा घोषित भए । प्रतियोगिताको फाइनल खेल जेठ २७ गते हुनेछ । प्रतियोगिताको विजेताले नगद २ लाख, उपविजेता १ लाख ५० हजार र सेमिफाइनलमा पराजित हुने २ वटा टिमले ५०/५० हजार रुपैयाँ प्राप्त गर्नेछन् । सर्वोत्कृष्ट खेलाडीलाई १५ हजार र उत्कृष्ट खेलाडीहरुलाई ५/५ हजार रुपैयाँ नगदसहित शिल्ड एवम् मेडल पुरस्कार रहेको आयोजकले जनाएको छ ।

# मकवानपुर बक्सिङ संघको अध्यक्षमा घिमिरे



समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्ला बक्सिङ संघको अध्यक्षमा सुशील घिमिरे चयन हुनुभएको छ । शनिबार हेटौंडा-४ स्थित कभर्ड हलमा भएको नवौं जिल्ला अधिवेशनबाट घिमिरेको नेतृत्वमा सर्वसम्मत नयाँ कार्यसमिति चयन भएको छ ।

घिमिरे यसअघि संघको उपाध्यक्ष हुनुहुन्थ्यो । घिमिरे अन्तर्राष्ट्रिय प्रतियोगितामा पदक विजेता खेलाडी समेत हुनुहुन्छ । घिमिरेको अगुवाइमा हेटौंडा-५, पिप्लेस्थित बालज्योति माविमा कभर्ड हल निर्माण भएको छ भने हेटौंडा-५, क्याम्पाडाँडास्थित पिप्ले-क्याम्पा रंगशाला निर्माण भएको छ । घिमिरेको अध्यक्षतामा ८ सदस्यीय जिल्ला समिति गठन भएको हो । संघको उपाध्यक्षमा उज्वल शर्मा भण्डारी, सचिवमा अमित मानन्धर र कोषाध्यक्षमा राजन शिल्पकार चयन हुनुभएको छ । यस्तै रुपा विडारी र लक्ष्मी पुडासैनी सदस्य चयन हुनुभएको छ । नवनिर्वाचित कमिटीको कार्यकाल ३ वर्षको रहनेछ ।

सम्मेलनको अवसरमा संघले हेटौंडामा सम्पन्न दोस्रो बागमती प्रदेश खेलकुद प्रतियोगिता अन्तर्गत बक्सिङमा स्वर्ण पदक विजेता मकवानपुरका सोहन राईलाई नगद १० हजार रुपैयाँसहित सम्मान गरेको छ । यस्तै संघका पूर्व जिल्ला अध्यक्षहरुलाई सम्मान गरिएको छ । जिल्ला बक्सिङका अध्यक्ष दीपेश जोशीको सभाध्यक्ष तथा हेटौंडा उपमहानगरपालिकाका उपप्रमुख राजेश बानियाँको प्रमुख आतिथ्यमा भएको अधिवेशनमा संघका केन्द्रीय अध्यक्ष राम आवले, महासचिव सबिन भट्टचार्य, जिल्ला खेलकुद विकास समिति मकवानपुरका अध्यक्ष वेश खड्गी र हेटौंडा-१४ का वडाध्यक्ष दीपक खड्का लगायतको आतिथ्य रहेको थियो ।

# २१ जनाले रक्तदान गरे

समाज संवाददाता

हेटौंडाः हेटौंडाको बुद्धचोकमा शनिबार बिहान रक्तदान कार्यक्रम भएको छ । परिवर्तनका लागि युवाले आयोजना गरेको कार्यक्रममा २१ जनाले रक्तदान गरेका छन् । रक्तसञ्चार केन्द्र हेटौंडाको प्राविधिक सहयोगमा रक्तदान कार्यक्रम भएको हो । संकलित रगत मकवानपुरमा मात्रै खपत नहुने भएकोले रक्तसञ्चार केन्द्र हेटौंडाले मागअनुसार चितवन जिल्लामा पनि पठाउने गरेको रक्तसञ्चार केन्द्र हेटौंडाका प्रमुख टंक दाहालले जानकारी दिनुभएको छ । नेपाल रेडक्रस सोसाइटीद्वारा सञ्चालित रक्तसञ्चार केन्द्रले रगत संकलन रआवश्यकताअनुसार वितरणको कार्य गर्दै आएको छ ।

हेटौंडा रिफरेन्स ल्याबरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्याबरोटरी,
हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७

# उपचारको क्रममा मागी खाई हिँड्ने पुरुषको मृत्यु

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिका–४, कमलडाँडामा मागी खाई हिँड्ने पुरुषको उपचारको क्रममा मृत्यु भएको छ । मृत्यु हुनेमा हाल नामथर वतन नखुलेको ३५ वार्षीय पुरुष रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

शुक्रबार साँझ ६:३० बजेको समयमा कमलडाँडास्थित उत्तम उप्रेतीको घर कम्पाउण्ड एरियामा मागी खाई हिँड्ने, मानसिक अवस्था ठिक नभएकोजस्तो देखिने पुरुष टाउकोमा चोट लागि बिरामी भएको अवस्थामा प्रहरीले फेला पारेको थियो । घाइते पुरुषलाई उपचारका लागि हेटौंडा अस्पताल लगिएकोमा उपचारको क्रममा शनिबार बिहान ८ बजेको समयमा डाक्टरले मृत घोषणा गरेका थिए । पुरुषको शव अस्पतालमा नै रहेको प्रहरीले जनाएको छ ।

# जंगलमा एक पुरुषको शव फेला

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिका–५, राईटोलबाट मनकामना जाने बाटोको जंगलमा एक पुरुषको शव फेला परेको छ । पहिचान खुल्न नसकेको अन्दाजी ४० वर्षीय पुरुष मृत अवस्थामा फेला परेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । शनिबार बिहान साढे ६ बजेको समयमा पुरुष मृत अवस्थामा रहेको भनि स्थानीयले प्रहरीलाई खबर गरेका थिए । प्रहरी टोली घटनास्थलमा गई मुचुल्कापश्चात् शव पोष्टमार्टमका लागि हेटौंडा अस्पताल ल्याइएको प्रहरीले जानकारी दिएको छ ।

# जेसीजको नेतृत्व र भाषण प्रशिक्षण

समाज संवाददाता

हेटौंडाः मकवानपुरगढी जेसीजको आयोजना तथा हेटौंडा उपमहानगरपालिकाको सहकार्यमा नेतृत्व र प्रभावकारी सार्वजनिक भाषण प्रशिक्षण कार्यक्रम भएको छ । जेसीजका सदस्य र विभिन्न संस्थामा कार्यरत मानिसको नेतृत्व विकास गर्न शनिबार हेटौंडामा प्रशिक्षण कार्यक्रमको आयोजना गरेको हो ।

प्रशिक्षण कार्यक्रममा बोल्नुहुँदै हेटौंडा उपमहानगरपालिकाका उपप्रमुख राजेश बानियाँले कार्यक्रममा हेटौंडा उपमहानगर पालिकाले सहकार्य गरेको बताउँदै सामाजिक काम गर्न कुनै क्षेत्र सीमित नहुने जानकारी गराउनुभयो । जेसीआई लोकतन्त्रको पुरानो संस्थाको रुपमा रहेको उहाँले धारणा राख्नुभयो । जनप्रतिनिधिहरुले जनताबाट चुनिएर ५ वर्ष जनताको सेवा गर्ने र जेसीजका प्रतिनिधित्वकर्ताहरुको एक वर्ष कार्यकाल हुने भएकोले राम्रो पाटो भएको बताउँदै राजनीति गर्न जेसीजले सहयोग गर्ने समेत बताउनुभयो । सामाजिक कार्य गर्न हेटौंडा उपमहानगरपालिका सधैं तयार रहेको बताउँदै नगरपालिकाले आगामी आर्थिक वर्षको बजेट ल्याउँदा युवा, महिला, दलित वर्ग लक्षित गरी कार्यक्रम समावेश गराइएको बताउनुभयो ।

गुणस्तरीय अनि विश्वसनीय प्रयोगशाला
QRL (Qualified Reference Lab)

हामीकहाँ थाइराइड, बायप्सी, रुटिन टेस्ट, भिटामिन जाँच, क्यान्सर मार्करलगायत प्रयोगशाला सेवा रहेका छन् । हरेक महिनाको अन्तिम शनिबार थाइराइड परीक्षणमा ५० प्रतिशत छुट, फास्टिङ तथा पीपीमा सुगर टेस्ट फ्रि ।



सम्पर्क
०५७-५९०९७७
QRL (Qualified Reference Lab)
हेटौंडा-१, ब्लडबैंकअगाडि

हाम्रो सुमो सेवा-२ को
काउन्टर सरेको जरुरी सूचना



हेटौंडा-काठमाडौं सुरक्षित, भरपर्दो र गुणस्तरीय सेवा दिँदै आएको यस हाम्रो सुमो सेवा-२ को काउन्टर हेटौंडा-४, अजरअमररोडबाट हेटौंडा-१०, मेनरोड कपुर कल्प्लेक्सअगाडि मिति २०८० साल जेठ १८ गते बिहिबारदेखि सरेको जानकारीका लागि सम्पूर्णमा अनुरोध गरिन्छ । नयाँ स्थानमा थप सुविधा र सहजताका साथ तपाइँको सेवामा हामी सदैव समर्पित रहने प्रतिवद्धता समेत व्यक्त गर्दछौं ।

हाम्रो सुमो सेवा-२
हेटौंडा-१०, मेनरोड (कपुर कम्प्लेक्स अगाडि)
०५७-५२५९८८/५२३९८८
हटलाइनः ९८५५०-७२२८८

# विभिन्न घटनामा तीनजनाको मृत्यु

समाज संवाददाता

हेटौंडाः विभिन्न घटनामा धादि जिल्लामा तीन जनाको मृत्यु भएको छ । धादिङ जिल्लाको धुनिवेशी नगरपालिका-९, बाहुनडाँडामा सवारी दुर्घटना हुँदा एकजनाको मृत्यु भएको छ । मृत्यु हुनेमा बाँके जिल्लाको कोहलपुर नगरपालिकाका ३६ वर्षीय रबिलाल बिक रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ ।

शुक्रबार राति १० बजेको समयमा त्रिभुवन राजपथमा भारतको दिल्लीबाट काठमाडौंतर्फ जाँदै गरेको भारतीय कार आफै अनियन्त्रित भई सडकबाट १०० मिटर तल खसेको थियो । कारमा सवार ४ जनामध्ये १ जनाको मृत्यु भयो भने ३ जना घाइते भएका छन् । घाईते हुनेमा रुकुम नगरपालिका-२, चौरघारी का ३० वर्षीय प्रेम बहादुर राना, कार चालक प्युठान जिल्ला प्युठान नगरपालिका-१ का ५० वर्षीय प्रेम बहादुर केसी र जाजरकोट जिल्लाको शिवालय गाउँपालिका-७ का ३९ वर्षीय केशब बहादुर सिंह रहेको प्रहरीले जानकारी दिएको छ । घाइते ३ जनाको अवस्था सामान्य रहेको र नर्भिक अस्पतालमा उपचार भइरहेको छ ।

यस्तै धादिङ जिल्लाको बेनिघाटरोराङ गाउँपालिका-९ माझिमटारमा एकजना पुरुषको शव फेला परेको छ । शुक्रबार कृष्ण मन्दिरको आडमा रहेको प्रतिक्षालयमा सनाखत नभएको अन्दाजी ४५ वर्षीय कवाडी सामान टिपी हिँड्ने पुरुष व्यक्तिको शव फेला परेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ ।

धादिङ जिल्लाकै बेनिघाट रोराङ गाउँपालिका-५ चारधारे सडकबाट लड्दा एकजनाको मृत्यु भएको छ । मृत्यु हुनेमा रोराङ गाउँपालिका-४ हतुवाल डाँडा बस्ने ६५ वर्षीय भक्त बहादुर चेपाङ रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ । शुक्रबार पृथ्वी लोकमार्गको सडक छेउबाट ५० मिटर तल खस्दा घटनास्थलमै चेपाङको मृत्यु भएको थियो ।

# बालजागृति स्कुलको क्याप्टेनमा सुयान निर्वाचित

समाज संवाददाता

हेटौंडाः हेटौंडा-२ स्थित बालजागृति इङ्लिस सेकेण्डरी स्कुलमा शुक्रबार विद्यार्थीबीच स्कूल क्याप्टेन र भाइस क्याप्टेन तथा हाउसअनुसारको क्याप्टेन, भाइस क्याप्टेन चयन गरिएको छ । विद्यार्थीलाई निर्वाचनसम्बन्धी ज्ञान समेत होस् भनी विद्यालयले निर्वाचनको प्रक्रियाबाट स्कूल क्याप्टेन, भाइस क्याप्टेन र हाउस क्याप्टेन, भाइस क्याप्टेन चयन गरेको हो । विद्यालय क्याप्टेनमा सुयान थापा मगर ३ सय ७९ मत प्राप्त गरी विजयी भएका छन् ।

कक्षा ३ देखि १० कक्षासम्मका ९ सय ८७ विद्यार्थीमध्ये ८ सय ६४ जना विद्यार्थीले मतदान गरेको निर्वाचन अधिकृतको भूमिका निर्वाह गर्नुभएका शिक्षक उमेश अर्यालले जानकारी दिनुभयो । स्कूल क्याप्टेन र भाइस क्याप्टेनका लागि सवै विद्यार्थीले मतदान गर्ने व्यवस्था थियो भने हाउस क्याप्टेन, भाइस क्याप्टेनका लागि सम्बन्धित हाउसका विद्यार्थीले मात्रै मतदान गर्न पाउने व्यवस्था गरिएको थियो । बिहान ७ बजेदेखि दिनको १ बजेसम्म मतदानको समय निर्धारण गरिएको थियो । ६ वटा वुथ बनाएर निर्वाचनमा विद्यार्थीलाई सहजै मतदान गर्ने अवसर प्रदान गरिएको निर्वाचन अधिकृत उमेश अर्यालले बताउनुभयो ।

यस्तै स्कुल भाइस क्याप्टेनमा विशेषता थापा ३ सय ७२ मतसहित विजयी भएकी छिन् । रेड हाउस क्याप्टेनमा रोश्ना अधिकारी र भाइस-क्याप्टेनमा सान्भी पौडेल विजयी भएकी छिन् । ब्लु हाउसको क्याप्टेन सुदेश्ना सन्जेल र भाइस-क्याप्टेनमा प्रज्वलिका चापागाँई विजयी भएकी छिन् । यल्लो हाउस क्याप्टेनमा प्रसिद्ध तिमल्सिना र भाइस-क्याप्टेनमा प्रेषिका आचार्य विजयी भएकी छिन् । ग्रीन हाउस क्याप्टेनमा शिवम् आचार्य र भाइस-क्याप्टेनमा सदीक्षा हुमागाई विजयी भएकी छिन् ।

क्लबतर्फ स्पोर्टस् क्लबको क्याप्टेनमा उत्सव राई, भाइस-क्याप्टेनमा अमिस दाहाल विजयी भएका छन् । लिट्रेचर क्लबको क्याप्टेनमा आदित्य चौलागाईले सवैभन्दा बढी ४ सय ६४ मतले विजयी भएका छन् । भाइस-क्याप्टेनमा भने आश्रिका न्यौपाने विजयी भएकी छिन् । इको क्लबको क्याप्टेनमा प्रज्ज्वल अधिकारी र भाइस-क्याप्टेनमा ओसिन गर्ग विजयी भएका छन् । फाइन आर्ट क्लबको क्याप्टेनमा रुविना घताने र भाइस-क्याप्टेनमा सुजैना गहतराज विजयी भएका छन् ।

सबै विजेताहरुलाई विद्यालयका प्रिन्सिपल विनोद सुवेदीले अर्को साता सम्मानसहित पदस्थापन गरिने जानकारी दिनुभएको छ । बालजागृतिमा २०७५ सालपछि निर्वाचन भएको हो । कोभिड-१९ को संक्रमणका कारण विद्यार्थीको निर्वाचन हुन सकेको थिएन ।

समृद्ध समाज राष्ट्रिय दैनिक
www.samriddhasamaj.com.np

हृदयघात सम्बन्धि जानकारी

नेपालमा हृदयघातको बिरामी बढ्दै गइरहेको छ । यस रोगबाट मृत्यु र अन्य दीर्घकालीन समस्या हुनसक्छ । खुसीको कुरा, हाम्रो आफ्नो नियमित बानी व्यहोराले हृदयघात बाट बच्न सकिन्छ ।

कस्तो बानि व्यहोराले बच्न सकिन्छ त ?

- सूर्तीजन्य पदार्थ प्रयोग नगर्ने,
- मध्यपान सेवन नगर्ने,
- स्वास्थ्यकर खाना खाने,
- नियमित रुपमा व्यायाम गर्ने,

निम्न लक्षण देखिएमा तुरुन्त स्वास्थ्य जाँच गराउने

१. छातिको बिच भागमा वा बायाँतिर दुख्ने र सो दुःखाई घाँटी, बायाँ पाखुरातिर सर्ने भएमा ।
२. छातिमा भारीपन वा मन्द मन्द दुखेमा ।
३. छाति दुख्नुको सँगसँगै पसिना आउने, वाकवाकी लाग्ने, उल्टी हुने, डर लाग्ने, छटपटी हुने, मुटुको ढुकढुकी बढ्ने, रिंगटा लाग्ने भएमा ।

बागमती प्रदेश सरकार अन्तर्गत रहेको १३ प्रादेशिक अस्पतालका चिकित्सक एवं स्वास्थ्यकर्मीहरुलाई हृदयघात व्यवस्थापन तालिम दिई सेवा सुरु भइसकेको र बागमती प्रदेशका विरामीहरुलाई शहिद गंगालाल हृदय केन्द्रको सुपरिवेक्षण सेवा प्रदान सुरु गरेको हुँदा स्वास्थ्यकर वानी अपनाई रोगबाट बच्न र समस्या देखिएमा तुरुन्त स्वास्थ्य जाँच गराउन अनुरोध छ ।

बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
हेटौंडा, मकवानपुर, नेपाल

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ